२०औं वोर्ड बैठक मिति २०७२/१२/२८ गते विहान ७ वजे

आज मिति २०७२/१२/२८ गते आइतवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत |
| खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| सुरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| रमेश शाह | वरिष्ठ आन्तरिक लेखापरीक्षण अधिकृत |
| भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| राजु पोखरेल | इन्जिनियर |
| सुनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

**निर्णय नं १ ( एक )**

योजना समावेस गर्ने सम्वन्धमा : यस उपमहा नगरपालिका र नगर विकास कोषसँग मिति २०७२/१२/१५ मा भएको सम्झौता अनुसार निम्नानुसारका योजनाहरु यसै वर्ष संचालन गर्नु पर्नेमा उक्त योजनाहरु चालु वर्षको वार्षिक कार्यक्रममा समाविष्ट नभएकाले पछि परिषदवाट अनुमोदन गर्ने गरी चालु वर्षको कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने र ऋण वापतको रकम रु२९८७४५५/००लाई आगामी आ.व. २०७३/७४ को बजेटमा समायोजन गर्ने गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

क धरन ११ सयपत्री मार्गको ढल निर्माण कार्य

ख धरान १ पृथ्विपथ (शम्भु श्रेष्ठको घर देखि दक्षिण ११५ मीटर सम्म ) ढल, सडक तथा फूटपाथ निर्माण

ग धरान १ सिंहदेवि चोक उत्तर ३०० मीटर सम्म ढल स्लाव निर्माण

**निर्णय नं २ ( दुई )**

भवनको नक्सा दर्ता सम्वन्धमा : नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मंत्रालय र नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा उपमहा नगरपालिकाको मोती भवन उत्तर तर्फ रहेको खाली जग्गामा कार्यालय भवन निर्माणका लागि पेश भएको नक्सा स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान १० वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका